# ANQ

Association of Nepalese in Quebec | Volum No. 1 | Issue No. 1 | April, 2002

NEWSLETTER

## यस अंक भित्र,


- संगठनको उद्देश्य तथा कार्यक्रमहरु
- सम्पादकिय
- दशैं कार्यक्रमको एक झलक
- नेपाली संगठनको गतिविधि
- शुभकामना तथा बधाई
- आगामी अंक बारे
- विविध


☆ नव वर्ष २०५९ को हार्दिक शुभकामना ☆

## संगठनको उद्देश्य तथा कार्यक्रमहरु

(क) विशेष गरेर क्यानडामा नेपाली मूलका व्यक्तिहरुको हक अधिकारको संरक्षण र सम्बर्धन गर्दै क्यानडियन समाजमा सहभागी हुन मद्दत गर्ने ।

(ख) नेपाली भाषा, संस्कृतिको संरक्षण र सम्बर्धनको निमित्त नयां तथा पुराना पिढीलाई प्रोत्साहित गर्ने ।

(ग) क्यानडियन समाजमा रहेको सामाजिक आर्थिक जनजीवन, बहुभाषिक, बहुजातिय तथा बहुसंस्कृतिलाई बुझ्न र बुझाउन मद्दत गर्ने ।

(घ) बाल बृध्द तथा पारिवारिक जीवन संग सम्बन्धित समस्याहरुको समाधान तथा अन्य सामाजिक कार्यमा सरिक हुने ।

(ङ) देशकै चिनारी दिलाउने महत्वपूर्ण कला संस्कृतिहरुको अन्तर्राष्ट्रियरुपमा पहिचान गराउने कार्य गर्ने ।

(च) नेपाली समुदायमा भएको अशक्त, अपाङ० व्यक्तिहरुको हित र विकासको लागि आवश्यक कार्यक्रमहरुको संचालन गर्ने ।

(छ) एसोसियसनको कार्यक्षेत्रमा कुनै (लैंगिक, धार्मिक, जातिय, राजनैतिक र क्षेत्रीय) भेदभाव नगरि यसको कार्यक्रम संचालनमा सहभागितामूलक प्रक्रियालाई प्राथमिकता दिईने ।

(ज) समान उद्देश्य राखि विभिन्न क्षेत्रमा कार्य गरि रहेको सरकारी निकाय, स्थानीय, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संघ-संस्थाहरुसँग भाइचारा सम्बन्ध राखि कार्य गर्ने ।

(झ) आत्मनिर्भर हुनको निमित्त साना तथा मझौला खालका व्यापार व्यवशाय स्थापित गर्न प्रोत्साहन तथा मद्दत गर्ने ।

(ञ) क्युबेक तथा अन्य प्रोभिन्सका युवाहरुलाई सामाजिक विकासमा समेट्नको लागि उपयुक्त र गुणस्तरीय कार्यक्रमहरुको संचालन गर्दै जाने ।

(ट) सामाजिक सेवाको निमित्त आवश्यक परे स्वयम सेवकको व्यवस्था गर्ने

(ठ) एशोशियसनका सदस्यहरु बीच सुमधुर सम्बन्ध कायम राख्न र आपसी सम्बन्ध प्रगाढ पार्न विभिन्न रचनात्मक कार्यहरु जस्तै भेला, गोष्ठि, पिकनिक लगायत नेपाली चाडपर्व सकभर सबैजनाको सहभागी हुने गरि मनाउने ।

(ड) नयां आएका नेपालीहरुलाई समाजमा स्थापित गराउन सक्दो मद्दत गर्ने ।

(ढ) नेपालमा आई पर्ने विविध विपत्ति, दैवी प्रकोप आदि बाट पिडित क्षेत्रमा सक्दो सहयोगको लागि सक्रिय प्रयास गर्ने ।

**नेपाली संगठन क्युबेकको वार्षिक मुखपत्र**

## सम्पादकीय

### के गर्छ हेरौं.. हैन, के गर्नु पर्छ ?

स्वदेश अथवा विदेश जहां बसे पनि मानिस सामाजिक प्राणी भएकोले आफ्नो रहन सहन, भाषा संस्कृति इत्यादि मिल्ने समुदायको जरुरत पर्छ जसको फलस्वरुप आज हामी विशेष गरि क्युबेक निबासी नेपाली मुलका व्यक्तिहरु बीच आपसी सर सहयोग, सम्बन्ध र समाजदारी उजागर गर्न नेपाली संगठनको स्थापना गरि एकजुट भएका छौ। हामीलाई विश्वाश छ यसले विस्तारै बृहत क्षेत्र ओगट्न सफल हुने छ ।

हाल सम्म समाचार आदान प्रदानको लागि कुनै पनि किसिमका प्रकाशन हुन नसकेकोले थोरै भए पनि संगठनको गतिविधि संपूर्ण साथीहरु समक्ष पुगोस भन्ने उदेश्यले अभिप्रेरित भई यो वार्षिक प्रकाशन संगठनको मुखपत्रको रुपमा प्रकाशन गर्ने जमर्को गरेका छौं । यो हाम्रो पहिलो प्रयास भएको हुनाले निश्चितै रुपमा कमि कमजोरी रहन गए होलान् तसर्थ यसमा भएका कमी कमजोरी पहिल्याई सुझाव पठाउन भए हामी आगामी अंक निश्चित रुपमा राम्रो बनाउन सक्नेछौं ।

संगठन भनेको तपाईं हामी सबै हौ तसर्थ यो संगठनले के गर्दो रहेछ हैन यो संगठनले के गर्नु पर्छ भन्ने विषयमा सुझाव दिन सकियो भने संगठनको विकाश द्रुतगतिमा हुने कुरा निर्बिवाद छ ।

अन्तमा, हामी संपुर्ण साथीहरुलाई संगठनको तर्फबाट नयां वर्ष २०५९ को उपलक्ष्यमा सुख, शान्ती र संमृद्धिको लागि हार्दिक शुभकामना व्यक्त गर्दछौं ।

## २०५८ सालमा मनाईएको दशैं कार्यक्रमको एक झलक :

✥ राज कुमार महत, अध्यक्ष

विविध उदेश्य सहित विशेष गरि क्युबेकमा बस्ने नेपालीहरु बिच सहयोगको आदान प्रदान अनि आफ्नो नेपाली भाषा र संस्कृतिको जगेर्ना गर्ने उद्देश्यले भर्खरै मात्र पुनर्गठन हुन पुगेको यो नेपाली संगठन “Association of Nepalese in Quebec” प्रति सबै नेपालीहरुले देखाएको जोश, जागर, उत्साह तथा प्रतिक्रियाले निश्चित रुपमा यो संगठनलाई जीवन्तता प्रदान गरेको छ र भावी दिनहरुमा आफ्नो लक्षमा सफलता मिल्नेछ भन्ने कुरामा हामी सबै निश्चिन्त छौं।

विदेशमा बसेर पनि आफ्नो भाषा, धर्म, संस्कृती र चाडपर्वको जगेर्ना गर्न विगत देखि निरन्तर रुपमा मनाउदै आई रहेको हिन्दुहरुको महान् चाड दशैं यस वर्ष पनि उत्तिकै जोश, जांगर र हर्षोल्लासका साथ मनाईयो । व्यापक रुपमा नेपाली तथा विदेशी पाहुनाहरुको सहभागिता रहेको यस कार्यक्रममा कता कतै केहि कमजोरी र त्रुटीहरुको महशुस गरिए पनि कार्यक्रम पूर्ण रुपमा मनोरन्जनात्मक र सफल भएको पाइयो ।

आफुभन्दा ठलो र मान्यजनबाट टीका ग्रहण गर्ने नेपाली परम्परा अनुसार हामी क्युबेकमा बस्ने नेपाली समाजको सबैभन्दा वयोवृद्ध व्यक्तित्व श्री लक्ष्मी प्रसाद शर्माज्यूबाट विजयादशमीको प्रतिक स्वरुप दुर्गा भगवतीको प्रसाद रातो अक्षताको टीका र जमरा अनि आषिर्वाद उपस्थित प्राय सबै नेपाली तथा विदेशीहरुले ग्रहण गर्नुभयो ।

कार्यक्रमको शुरुवात स्वागत भाषणबाट संगठनको अध्यक्ष राज कुमार महतबाट गरियो र कार्यक्रम संचालन अर्थात कार्यक्रमलाई शुरु देखि अन्त्य सम्म जीवन्तता दिने काम संगठनको सचिव मुगाधन राजभण्डारीले गर्नभयो ।

वडा दशैं कार्यक्रमको मुख्य आकर्षण सांस्कृतिक कार्यक्रम नै रह्यो । दीपेन्द्र सिटौला र निकुञ्ज नेपालद्वारा संचालित उक्त सांस्कृतिक कार्यक्रममा उषा मुगराती, रोजलिन, मुनु कंडेल र रक्षा महत, दीपेन्द्र सिटौला, जेविन लामिछाने र रुक्सन महत अनि सोनिया मिलानेद्वारा नृत्य प्रदर्शन गरि कार्यक्रमको रौनक बढाउनु भएको थियो भने जी.बी. र सरोज कर्माचार्यको मधुर गीतले सहभागीहरुलाई मन्त्रमुग्ध पार्दै ताली पिट्न बाध्य पारेको थियो। प्रतिभा बरालको कलिलो हातले पियानो बजाएर बाल प्रतिभाको उत्कृष्ठ नमुना पेश गरेको उक्त कार्यक्रममा हिरेन्द्र खत्रीको कविताले सबैलाई कम्तीमा एकपटक कविता लेख्ने प्रेरणा दिएको थियो।

दीपेन्द्र सिटौलाको चुटकिला तथा वाल कलाकारहरु मुनु कंडेल, रक्षा महत, सन्तोष कंडेल र जेवीन लामिछानेको हास्यव्यङ्गले दर्शकहरुलाई हसाउन सफल भएको थियो ।

कार्यक्रमको अन्त्य सांस्कृतिक कार्यक्रममा सहभागीहरुलाई प्रोत्साहन स्वरुप पुरस्कार वितरण गरि गरियो ।

कार्यक्रम सफलता पूर्वक सम्पन्न गर्न सक्रिय सहयोग गर्नु हुने अमिता रसाइली ( भेषभूषा तथा सृङ्गार), कार्यकारिणी सदस्य मणी गरुङ्ग (भिडीयो क्यामेरा), साजीर श्रेष्ठ तथा इश्वर राजन (प्रवेश शुल्क संकलन), उपाध्यक्ष चुडामणी गोतामे (खाना व्यवस्थापन), सुवाश बि.के. र गोविन्द खत्री (पेय पदार्थ व्यवस्थापन) विशेष धन्यवादका पात्र हुनुहन्छ ।

कार्यक्रम सुचारु र व्यवस्थित रुपले संचालन गर्न एकजुट भइ लागि परेका कार्यकारिणी समितिका अध्यक्ष राज कुमार महत, उपाध्यक्ष चुडामणी गोतामे, सचिव मुगाधन राजभण्डारी, कोपाध्यक्ष प्रकाश मुगराती, सदस्यहरु हेमन्त पौडेल, जनक बराल र मणी गरुङ्ग तथा सल्लाहकार समितिका सदस्यहरु होम लामीछाने, राजेश कंडेल र अमिता रसाइली साथै साधारण सदस्यहरु अर्जुन बहादुर घिमिरे, केवीन चौधरी, शंकर सुवेदी लगायत अन्य प्रत्यक्ष अथवा अप्रत्यक्ष रुपमा सहयोग गर्नु हुने संपुर्ण साथीहरुको उच्च मुल्यांकन गरिएको छ ।

उक्त कार्यक्रममा सहभागी संपूर्ण साथीहरुलाई यस संगठनको तर्फबाट हामी हार्दिक धन्यवाद दिन चाहन्छौं र भावी कार्यक्रमहरुमा अझ बढी मेहनत र उत्साहका साथ सहभागी भई कार्यक्रमलाई सफल बनाउन हुनेछ भन्ने हामीले विश्वाश लिएका छौ ।

## नेपाली संगठनको गतिविधि

✣ चुडामणी गोतामे, उपाध्यक्ष

विशेष गरि क्यानडाको क्युबेकमा छरिएर रहेका नेपाली मूलका व्यक्तिहरुलाई एकत्रित गरि नेपाली भाषा, संस्कृतीको संरक्षण गर्न, एक आपसमा सहयोगको आदान प्रदान गर्न र नयां आएका साथीहरुलाई सक्दो सहयोग र सल्लाह दिन एक समाजिक, अनुशासित र सक्रिय संगठनको नितान्त आवश्यक महशुस भै रहेको हुंदा चुडामणी गोतामे र गुणनिधि शर्माद्वारा १५ मे २००१ का दिन चुडामणी गोतामेको डेरामा बसी लिखित रुपमा सबै साथीहरुको सुझाव माग्न एक पत्र लेखी मोन्ट्रियलमा रहेका सबै नेपालीहरुको घर दैलोमा पुर्‍याउने काम गरियो। एक महिना भित्रमा सुझाव पेश गर्न अनुरोध गरिएको उक्त पत्र अनुसार ८ जुलाई २००१ सम्म ३३ जना साथीहरुबाट लिखित सुझावहरु प्राप्त भए र कतिपय साथीहरुबाट हाल सम्म पनि केहि सुझाव प्राप्त भएको छैन।

२ जुन २००१ मा नेपालमा अप्रत्यासित रुपमा भयङ्कर ठलो दुर्घटना भयो जसमा राजा वीरेन्द्रका संपूर्ण परिवार तथा अन्य राजपरिवारका सदस्य र सर्बसाधरण समेतको हत्या गरियो। यस दुखःद घडीमा चुडामणीको अव्हानमा मोन्ट्रियल निवासी नेपालीहरु भेला भै मोन्ट रोयाल पार्कमा रत्नमणी हार्तमछालीको सभापतित्वमा ८ जुन २००१ को दिन एक शोक सभाको आयोजना गरियो । उल्लेख्य रुपमा नेपालीहरुको उपस्थित भएको उक्त शोक सभा गुणनिधि शर्माले संचालन गर्नभएको थियो भने अमिता रसाइली र अन्जु महतले राजा रानीको तस्विरमा फूलमाला चढाइ दियोमा वत्ति बाली सबै नेपालीको तर्फबाट दिवंगत आत्माको चीर शान्तीको कामना गर्नुभएको थियो र उक्त रहस्यपर्ण घटनाको बारेमा प्रकाश पार्दै चुडामणी गोतामे, सुरेन्द्र श्रेष्ठ, नारायण चित्रकार, सुवास बि.के. र हिरा के.शी. लगायतका वक्ताहरुले वक्तव्य दिनुभएको थियो।

साथीहरुबाट प्राप्त सुझाव समेतको आधारमा संगठनलाई अनुशासित र सक्रिय बनाउन चुडामणी गोतामेको आव्हानमा ८ जुलाई २००१ का दिन डोरवाल स्थित शंकर सुबेदी र गुणनिधि शर्माको डेरामा एक भेला सम्पन्न भयो जसमा साथीहरुबाट प्राप्त संपूर्ण सुझावहरु गुणनिधि शर्मा र हिरा के.शी.ले पढेर सुनाउनु भएको थियो । मुगाधन राजभण्डारी, गुणनिधि शर्मा र सीता मगर सम्मिलित एक विधान मस्यौदा समितिको चयन समेत उक्त भेलामा गरि २ हप्ता भित्र मस्यौदा विधान भेलामा पेश गर्न उक्त समितिलाई अनुरोध गरियो। विधान मस्यौदामा मुगाधन राजभण्डारीले मुख्य भूमिका निर्वाह गर्नु भएको थियो भने रत्नमणी हार्तमछाली र चुडामणी गोतामेले सक्दो सहयोग र सल्लाह प्रदान गर्नुभएको थियो ।

साधारण सभा र पिकनिक एकै साथ गर्ने उद्देश्यले चुडामणी गोतामे र अमिता रसाइलीद्वारा क्युबेकमा बस्ने सबै नेपालीहरुलाई निमन्त्रणा गरियो । २९ जुलाई २००१ मा मेजोनभ पार्कमा भएको उक्त साधारण सभा तथा पिकनिकमा व्यापक नेपालीहरुको सहभागीता थियो । अमिता रसाइलीको सभापतित्व र गुणनिधि शर्माद्वारा संचालित उक्त साधारण सभाको उदेश्य माथि प्रकाश पार्दै संगठनको आवश्यकता को बारेमा चुडामणी गोतामेले विशेष जोड दिनुभयो । समितिद्वारा तयार पारिएको मस्यौदा विधानको बुंदागत रुपमा व्यापक छलफल गरि आवश्यक संसोधन सहित विधान पारित गरियो ।
विश्व भ्रमण गर्ने उद्देश्यले उक्त अवसरमा त्यहां आइपुग्नु भएका श्री पुष्कर शाहलाई सबै सदस्यहरुबाट आर्थिक संकलन (४८० डलर) गरि मद्धत गर्दै समितिको तर्फबाट शुभकामना दिइयो । खानपीनको कार्यक्रम सकि कार्यकारिणी समितिको गठन गर्ने प्रक्रिया शुरु भयो तर विशेष कारणबश उक्त साधारण सभामा समिति गठन हुन


# MicrocoM 2000

**Celeron 900**

**Intel Celeron 900 MHz**
Motherbord Socket-370
**Memory 128 MB pc-133**
**Hard drive 20 GB (5400 rpm)**
64M Videocard 3D (int)
Sound card PCI compatible
(int) Fax Modem 56K, LAN 10/100
Floppy. 1.44 MB, **CDROM 52X**
Bilingual keybord, Mouse PS2
Standard speakers 140 watts
ATX MIDIUM TOWER
**$ 459**
Celeron 1 GHz +$35.00
**DVD 16X $95**

Internet qiuckcam Camera $ 49.00



Internet service Unlimited 56K $17.95/m

**Pentium 4**

**Intel Pentium 4 1.6 GHz**
Motherbord Pentium 4
**Memory 128 MB pc-133**
**Hard drive 40GB (5400 rpm)**
64M Videocard 3D (int)
Sound card PCI compatible
(int) Fax Modem 56K, LAN 10/100
Floppy. 1.44 MB, **CDROM 52X**
Bilingual keybord, Mouse PS2
Standard speakers 140 watts
ATX MIDIUM TOWER
**$ 799.00**
Pentium 4 (1.8GHz) + $ 120.00
CDR Writer 24x/10x/40x $ 139

**Open 7 days a week** **Financing available**
**For all your computers need please contact:**
**MicrocoM 2000**
**6648 Plaza St. Hubert**
**Phone: 514-948-4641, 514-271-4630**

* Systems will be ready on same day
* Networking with free estimation
* **2 years warranty on all parts and 5 years on labour**
* **Accept: Matercard, VISA, AMEX, Interac & Check**

Hard Drive 20GB – 40GB - $ 105.95 to 125.95
56K Voice Fax Modem Motorola $24.95
Wheel Stering Multimedia $ 89.00,
Monitor Futur Power 17`` Color Digital $ 219.00,

Printer Okidata Colour $ 65.00

सकेन ।
यसरी उक्त दिन समिति गठन हुन नसके पछि फेरी पनि चुडामणी गोतामेले अन्य साथीहरुको समेत सहयोगमा पूरक साधारण सभाको आव्हान गर्नुभयो र जस अनुसार २ सेप्टेम्बर २००१ का दिन हेमन्त पौडेलको अध्यक्षतामा मोन्ट रोयाल पार्कमा पूरक साधारण सभा सम्पन्न भयो । अघिल्लो साधारण सभाद्वारा समिति गठन हुन नसक्नुको कारण स्पस्ट पार्दै चुडामणी गोतामेले उक्त सभा संचानलन गर्नुभएको थियो जसले सात सदस्यीय कार्यसमिति र पांच सदस्यीय सल्लाहकार समितिको चयन गर्‍यो । कार्यकारिणी समितीमा अध्यक्ष राज कुमार महत, उपाध्यक्ष चुडामणी गोतामे, सचिव मृगाधन राजभण्डारी, कोषाध्यक्ष प्रकाश मुगराती, सदस्यहरु हेमन्त पौडेल, जनक बराल र मणी गुरुङ्ग रहनुभयो भने सल्लाहकार समिती सदस्यहरुमा अमिता रसाइली, शरद शुव्वा, होम लामिछाने र राजेश कंडेल र गुणनिधि शर्मा चुनिनु भयो।

यसरी विधिवत रुपमा संगठनको निर्माण पछि संगठनको काम द्रुततर गतिमा अगाडी बढाउने शिलशिलामा मिति ७ सेप्टेम्बर २००१ मा संगठनलाई कानूनी रुपमा दर्ता गरियो। संगठन निर्माण पश्चात सम्पन्न पहिलो बैठकमा सल्लाहकार समितिका सदस्य शरद शुब्वाद्वारा दिएको लिखित राजीनामा सर्व सम्मतीले स्वीकृत गरियो । वांकी साथीहरुले अत्यन्तै उत्साहित साथ संगठनको काममा लागि पर्नु भएको छ भने रत्नमणी हार्तमछाली समितिमा नरहेर पनि नवागन्तुक साथीहरुदलाई सल्लाह र सहयोग गर्न अत्यन्त सकिय भएर लागि रहनु भएको छ र अन्य संपुर्ण साधारण सदस्यहरुबाट समेत राम्रो सहयोग र सुझावहरु प्राप्त भै रहेको छ जसले गर्दा काम गर्ने हौसला अझ व्यापक रुपमा बृद्धि भएको छ । यसरी निरन्तर रुपमा सहयोग जारी रहयो भने हामीलाई विश्वाश छ छोटै अवधिमा हाम्रो संगठनले धेरै विकाश गर्न सक्ने छ ।

कार्य समिति गठन भएको यो करिब सात महिनाको अवधिमा आफ्नो कमी कमजोरीलाई सच्याउदै समितिले निम्न कार्यक्रमहरु सफलता पूर्वक सम्पन्न गरि सकेको छ :

- घर घरमा पुगी सदस्यता प्रदान गर्ने कार्यलाई तिब्र पार्दै डिसेम्बर २००१ सम्म सदस्य बन्ने व्यक्तिहरुको नाम भएको टेलीफोन डाइरेक्ट्रीको प्रकाशन
- नेपालीहरुको महान् चाड बडा दशैंको उपलक्ष्यमा सांस्कृतिक कार्यक्रम समेतको भोज र क्रिसमसको उपलक्ष्यमा रेष्टुरेण्टमा पार्टी गरी आपसी मित्रताको सम्बन्ध प्रगाढ पार्ने प्रयास
- नेपाली अंग्रजी क्यालेण्डरको प्रकाशन गरी नेपाललाई चिनाउने सानो प्रयास र यसको वितरणबाट संगठनको लागि आर्थिक संकलन
- संगठनको सदस्य जप नारायण श्रेष्ठकी धर्मपत्नी स्व. विमला चिपालु को असामयीक निधन भएकोले नेपाली परम्परा अनुसार दाह संस्कारमा सहभागी भै Montreal Gazzette मा समबेदना प्रकाशन ।
- नयां आउने साथीहरुलाई आवश्यक सल्लाह र सुझाव प्रदानका साथै नेपाली अंग्रेजी अनुवाद र आवश्यक अनुसार सिफारिस पत्र प्रदान ।
- संगठनको स्थायी कार्यालय स्थापना र अन्य विविध कार्यक्रमको लागि एक प्रतिनिधि मण्डल City of Montreal मा गई अनुरोध गरिएको र आवश्यक छलफल भै रहेको ।
- संगठनको वार्षिक मूखपत्र प्रकाशन
- नेपाली नयां वर्ष मनाउनको लागि आवश्यक तयारी ।

यसरी छोटै अवधिमा पनि यहांहरुको सक्रिय सहयोग र योगदानले हामीले आधारभूत संरचना तयार गर्न सक्षम भएका छौ र भविश्यमा अझ धेरै गर्न सकिने कुरामा पूर्ण विश्वस्त छौं ।

## शुभकामना तथा वधाई

श्रीमान् तथा श्रीमती नाम्गी लामा शेर्पाको स्थायी वसोवासको निमित्त आवश्यक कानूनी प्रकिया पुरा भै अनुमति पत्र प्राप्त भएकोमा हार्दिक वधाई तथा शुभकामना व्यक्त गर्दछौं ।

श्री मृगाधन राजभण्डारी र श्रीमती सुप्रभा श्रेष्ठको सुपुत्री ईशा को जन्म (३ जनवरी २००२) भएकोमा हार्दिक वधाई ज्ञापन गर्दछौं ।

श्री हेमन्त दहालको शुभविवाह सम्पन्न भएकोमा वहांहरुको नव दाम्पत्य जीवन सुखमय साथ वितोस् भन्ने कामना गर्दै हार्दिक बधाइ दिन चाहन्छौं ।

श्री चुडामणी गोतामेले मोन्ट्रियलमा रेष्टुरेण्ट खोल्नुभएको मा वहांलाई हार्दिक वधाई तथा शुभकामना व्यक्त गर्न गर्दछौं।

## आगामी अंकवारे .....

छोटो अवधिमा संगठनको मुखपत्र प्रकाशन गर्ने निर्णय भएको हुंदा यो अंकमा हामीले संगठनको कियाक्लापलाई मात्रै प्रकाश पार्ने निर्णय गर्‍यौं तर आगामी अंक अलि फरक ढंगले प्रकाशन गर्ने विचार भएको हुंदा अर्को पटक कस्तो किसिमका लेख रचना र कस्तो आकारमा प्रकाशन गर्दा राम्रो हुन्छ भन्ने बारेमा हामी तपाई संपूर्ण सदस्यको राय चाहन्छौं तसर्थ यथासक्य छिटो यहांको सुझाव संगठनको ठेगानामा पठाई संगठनलाई सहयोग गर्न हुन अनुरोध गर्दछौं ।

## क्यूबेकमा काम कसरी खोज्ने ?

**News papers:** Montreal Gazette,Journal de Montreal को Classifieds
**Human Resources Centre (Job Bank)**
**Internet**:
http://jb-ge.hrdc-rhc.gc.ca
http://english.monster.ca
http://www.careerclick.com
http://www.jobboom.com

पत्राचार गर्ने ठेगाना :
Association of Nepalese in Quebec
14-1090 Rue Hotel de Ville
Montreal, QC, H2X 3A6
Phone/Fax: 514-393-4664
Email: ana@canada.com

**सम्पादक समिति** : चुडामणी गोतामे, जनक बराल र मृगाधन राजभण्डारी **ले आउट** : मृगाधन राजभण्डारी